यो आकाशवाणी हो

चन्द्रप्रसाद शर्माबाट समाचार सुन्नुहोस्

Signature

प्रमुख समाचार

- केन्द्र सरकारद्वारा चारवटा नयाँ श्रम संहिता लागू; प्रधानमन्त्रीले गर्नुभयो प्रशंसा
- प्रधानमन्त्री नरेन्द्र मोदी G20 शिखर सम्मेलनमा भाग लिन जोहान्सबर्ग पुग्नुभयो
- गृह मन्त्रीले गर्नुभयो एक वर्ष BSF-को आधुनिकीकरण र बलका कर्मीको कल्याणका लागि समर्पित हुने घोषणा
- राष्ट्रपति पुग्नुभयो दुई दिने यात्रामा हैदराबाद अनि
- निर्वाचन आयोगअनुसार SIR-को दोस्रो चरण शुरूवातपछि मतदाताबीच पचास करोड़ तीर्चालीस लाखभन्दा अधिक गणना प्रपत्र वितरण

## Govt Labor Code

केन्द्र सरकारले देशमा दशकौं पुरानो विद्यमान श्रम कानुनलाई सरल र प्रभावकारी बनाउने उद्देश्यले चारवटा नयाँ श्रम संहिताहरू आजदेखि लागू गर्ने घोषणा गऱ्यो। प्रधानमन्त्री नरेन्द्र मोदीले श्रम संहिता लागू गर्ने सरकारको निर्णयको प्रशंसा गर्नुभयो। एउटा शोसल मिडिया पोस्टमा श्री मोदीले भन्नुभयो, यी संहिताहरूले विश्वव्यापी सामाजिक सुरक्षा, न्यूनतम र समयमै वेतन भुक्तानी, सुरक्षित कार्यस्थल र मानिसहरू अनि विशेषगरी महिला र युवाहरूका लागि पारिश्रमिक अवसरहरूको बलियो आधारका रूपमा काम गर्नेछन्।

श्रम तथा रोजगार मन्त्री डाक्टर मनसुख माण्डवियाले एउटा सोशल मिडिया पोस्टमा भन्नुभयो, नयाँ श्रम संहिताले देशको कार्यबलका लागि राम्रो वेतन, सुरक्षा, सामाजिक सुरक्षा र कल्याण सुनिश्चित गर्नेछ। वेतन संहिता-2019, औद्योगिक सम्बन्धित संहिता-2020, सामाजिक सुरक्षा संहिता-2020 र व्यावसायिक सुरक्षा, स्वास्थ्य तथा कार्यदशा संहिता-2020 आजदेखि लागू भएका छन्। श्री माण्डावियाले भन्नुभयो, यी सुधार केवल साधारण परिवर्तन नभएर देशका प्रत्येक श्रमिकका लागि सरकारको तर्फबाट गरिमाको प्रतिबद्धता हो।

---------------------------------------X--------------------------------------

## PM G-20 Briefing

प्रधानमन्त्री नरेन्द्र मोदी तीन दिने G20 शिखर सम्मेलनमा शामेल हुन दक्षिण अफ्रीकाको जोहान्सबर्ग पुग्नुभयो। तीन दिनको सम्मेलन अवधि, श्री मोदीले सबै सत्रमा भाग लिनका साथै ग्लोबल साउथको चिन्ता, टिकाउ विकास, जलवायु कार्यवाही, उर्जामा परिवर्तन र वैश्विक शासनमा सुधार समेत भारतको विशेष प्राथमिकताबारे कुरा गर्नुहुनेछ।

G20 सम्मेलनको अवसरमा प्रधानमन्त्रीले दक्षिण अफ्रीकाका राष्ट्रपति सिरिल रामफोसा र विश्वका विभिन्न नेताहरूसित भेट गर्नुहुनेछ। उहाँले भारत-ब्राजील-दक्षिण अफ्रीका (IBSA) नेताको बैठकमा पनि भाग लिनुहुनेछ।

यात्राका निम्ति प्रस्थान हुनअघि प्रधानमन्त्री श्री मोदीले भन्नुभयो, यो शिखर सम्मेलन प्रमुख वैश्विक मुद्दामाथि चर्चाको महत्त्वपूर्ण मञ्च हो। श्री मोदीले शिखर सम्मेलनमा वसुधैव कुटुम्बकम र एक पृथ्वी, एक परिवार, एक भविष्यअनुरूप भारतको दृष्टिकोण प्रस्तुत गर्ने बताउनुभयो। प्रधानमन्त्रीले भन्नुभयो, यो सम्मेलन यसका लागि पनि महत्त्वपूर्ण छ, किनभने यो अफ्रीकामा आयोजन हुने पहिलो G-20 शिखर सम्मेलन हो। श्री मोदीले भन्नुभयो, वर्ष 2023-मा भारतको अध्यक्षतामा अफ्रीकी संघ G-20-को सदस्य बनेको थियो। सम्मेलनको यस वर्षको विषय “एकजुटता, समानता र स्थिरता” माथि प्रकाश पार्दै  प्रधानमन्त्रीले भन्नुभयो, दक्षिण अफ्रीकाले दिल्ली र रियो डी जेनेरियोमा आयोजित पछिल्ला शिखर सम्मेलनहरूको विरासतलाई अघि बढ़ाएको छ।

---------------------------------------X--------------------------------------

## Amit Shah Gujarat

गृह मन्त्री अमित शाहले घोषणा गर्नुभयो कि आगामी एक वर्ष सीमा सुरक्षा बल (BSF)-को आधुनिकीकरण र बलका कर्मीहरूको कल्याणका लागि समर्पित हुनेछ। गुजरातको भुजमा BSF-को हीरक जयन्ती स्थापना दिवस समारोहलाई सम्बोधन गर्दै गृह मन्त्रीले भन्नुभयो......................

उहाँले सरकारको एउटा प्रमुख पहल, E-बोर्डर सुरक्षाको नयाँ अवधारणा लागू गर्नमा BSF-को महत्त्वपूर्ण भूमिकामाथि प्रकाश पार्नुभयो।

BSF-को उपलब्धीमाथि प्रकाश पार्दै गृह मन्त्रीले भन्नुभयो, बलले मादक पदार्थको तस्करी विरूद्ध विभिन्न अभियानमा बाह्र लाख पञ्चनब्बे हजार करोड़ रूपियाँ मूल्यको नशालु पदार्थ जब्त गरेको छ। उग्रवाद-रोधी अभियानको सम्बन्धमा श्री शाहले BSF-को कार्यको सराहना गर्दै भन्नुभयो, देश एकतीस मार्च, 2026-सम्ममा नक्सलवादबाट मुक्त हुनेछ। उहाँले भन्नुभयो, छत्तीसगढमा BSF-को कार्यवाहीको परिणामस्वरूप एक सय सत्ताइसजना नक्सलीहरूले आत्मसमर्पण गरे, तीह्तर-जनालाई पक्राउ गरियो अनि बाहिसजनालाई मारियो।

यस अवसरमा श्री शाहले हीरक जयन्ती समारोहको उपलक्ष्यमा एउटा स्मारक डाक टिकट जारी गर्नका साथै परेडको निरीक्षण गर्नुभयो।

---------------------------------------X---------------------------------------

## President's visit

राष्ट्रपति द्रौपदी मुर्मू तेलेंगानाको दुई दिने यात्रामा हैदराबाद पुग्नुभयो। शहरको बेगमपेट विमानास्थलमा राज्यपाल जिष्णु देव वर्मा र मुख्यमन्त्री A रेवन्त रेड्डीले राष्ट्रपतिको स्वागत गर्नुभयो। राष्ट्रपति श्रीमती मुर्मूले आज बेलुकी बोल्लारमस्थित राष्ट्रपति निलयममा भारतीय कला महोत्सवको दोस्रो संस्करणको उदघाटन गर्नुहुनेछ। यस महोत्सवमा देशका पश्चिमी राज्यहरू गुजरात, राजस्थान, महाराष्ट्र र गोवा तथा दादरा र नगर हवेली अनि दमन र दीव जस्ता केन्द्रशासित प्रदेशहरूको विशिष्ट संस्कृति, शिल्प र व्यञ्जनका साथ साहित्यको प्रदर्शन गरिनेछ।

---------------------------------------X---------------------------------------

## EC SIR

निर्वाचन आयोगले आज भनेको छ, विशेष गहन पुनरीक्षण (SIR)-को चरण दुई शुरू भएदेखि अहिलेसम्ममा मतदाताहरूबीच पचास करोड़ तीर्चालीस लाखभन्दा अधिक गणना प्रपत्र वितरण गरिएको छ। मतदाता सूचीको SIR-को चरण दुईको शुरूवात चार नोभेम्बरदेखि नौंवटा राज्य र तीनवटा केन्द्रशासित प्रदेशहरूमा भएको छ। यी राज्यहरूमा छत्तीसगढ, गोवा, गुजरात, केरला, मध्यप्रदेश, राजस्थान, तमिलनाडु, उत्तर प्रदेश, पश्चिम बंगाल र केन्द्रशासित प्रदेशहरूमा पुड्डुचेरी, लक्षद्वीप, अन्दमान र निकोबार द्वीप समूह शामेल छन्। मतदाता सूचिको व्यापक पुनरीक्षणको समापन आगामी वर्ष सात फरवरीमा अन्तिम मतदाता सूचीको प्रकाशनसितै हुनेछ।

---------------------------------------X---------------------------------------

## Tejas accident

संयुक्त अरब अमीरातमा आयोजित दुबई एयर शोमा आज भारतीय वायु सेनाको एउटा तेजस लड़ाकू विमान दुर्घटनाग्रस्त भयो। भारतीय वायु सेनाकाअनुसार यस दुर्घटनामा पाइलटको मृत्यु भयो। दुर्घटनाको कारण पत्तो लगाउन जाँच अदालतको गठन गरिएको छ। भारतीय वायु सेनाले आफ्ना पाइलटको मृत्युमा दुख: व्यक्त गर्दै आफूहरू शोकाकुल परिवारको साथमा रहेको बताएको छ। यो दुर्घटना लड़ाकु विमानले एयर शोमा भाग लिँदै गर्दाको समयमा भएको हो।

---------------------------------------X---------------------------------------

## Vaishnava Singapore

इलेक्ट्रोनिक्स तथा सूचना प्रौद्योगिकी मन्त्री अश्विनी वैष्णवले आज सिंगापुरमा विभिन्न कम्पनीहरूसित बैठक गर्नुभयो। एउटा सोशल मिडिया पोस्टमा श्री वैष्णवले भन्नुभयो, सिंगापुर सेमीकन्डक्टर उद्योग संघ (SSIA)-ले भारतसित मिलेर देशको सेमीकन्डक्टर परियोजनामा सहयोग गरिरहेछ। श्री वैष्णवले अधिकारीहरू र उद्योग समूहसित सेमीकन्डक्टर परियोजनाका लागि प्रविधि विशेज्ञ र अभियन्ताहरूको कौशल विकासमाथि पनि चर्चा गर्नुभयो।

---------------------------------------X---------------------------------------

## TN Accident

तमिलनाडुको थिरुमंगलममा बीसजना नानीहरू लिएर जाँदैगरेको एउटा विद्यालय भ्यानमा आज बिहान आगो लाग्यो। आगो लाग्नासाथै चालकले भ्यान रोके अनि यसमा सवार सबै नानीहरू सुरक्षित बाहिर निस्किए।

यस्तै प्रकारको एउटा घटना चेन्नईको याँ मलमा भयो। प्रत्यकक्षदर्शीकाअनुसार उनीहरूले मल भित्रबाट धुवाँ निस्किँदैगरेको देखे। अलार्म बजेपछि तुरन्तै अग्निशमन विभागलाई खबर गरियो अनि सबै मानिसहरू मलबाट निस्किए। यस घटनामा पनि कसैलाई चोट लागेन।

-------------------------------------X-------------------------------------

## Haj Meeting Mumbai

अल्पसंख्यक कार्य मन्त्रालयले भोली मुम्बईमा राष्ट्रिय हज सम्मेलनको आयोजना गरिरहेछ। यस सम्मेलनमा आगामी वर्ष हुने हजको तयारीको व्यापक समीक्षा गरिनेछ, जसमा सबै राज्य र केन्द्रशासित प्रदेशका हज समितिका कार्यकारी अधिकारीले भाग लिनेछन्।

भारतबाट प्रत्येक वर्ष एक लाख पचहतर हजारभन्दा अधिक हज यात्री सऊदी अरब जान्छन्। अल्पसंख्यक कार्य मन्त्रालयले भनेको छ, सरकार सबै भारतीय हज यात्रीहरूका लागि सुरक्षित, सुचारू र सम्मानजनक यात्रा सुनिश्चित गर्नमा प्रतिबद्ध छ। मन्त्रालयले भनेको छ, भोलीको सम्मेलन महत्त्वपूर्ण परिचालन गतिविधिहरूको प्रगतिको आकलन गर्दै राज्य तथा केन्द्रशासित प्रदेशहरूको हज समिति र केन्द्रिय हज समितिबीच सहयोगलाई सुगम बनाउनमाथि केन्द्रित हुनेछ।

-------------------------------------X-------------------------------------

## Hornbill

नागाल्याण्डमा यस वर्ष आयोजन हुने हर्नबिल महोत्सवमा फ्रान्स, साझेदार देशका रूपमा शामेल हुने पुष्टि गरिएको छ। नागाल्याण्डका मुख्यमन्त्री नेफ्यू रियोले भन्नुभयो, फ्रान्सको संस्कृति र रचनात्मकता यस महोत्सवका लागि महत्त्वपूर्ण छ। यसले संस्कृति, निवेश र नवाचारमा साझेदारीलाई बढ़ावा दिनेछ।

हर्नबिल महोत्सवको यस वर्षको संस्करणका लागि अन्तरराष्ट्रिय साझेदारहरूको बढ्दो सूचीमा फ्रान्स शामेल भएको छ। यसअघि, दस दिनको वार्षिक समारोहका लागि साझेदार देशहरूको रूपमा अस्ट्रिया, माल्टा, ब्रिटेन, आयरल्याण्ड र स्विटजरल्याण्डको घोषणा गरिएको थियो।

फ्रान्सका राजदूत थियरी माथोले पूर्वोत्तर भारतमा विकासका लागि फ्रान्सको वचनबद्धताको पुन: पुष्टि गर्दै श्री रियोसित समझौतामा हस्तासक्षर गर्नुभयो। यसैबीच, पूर्वोत्तर क्षेत्र विकास मन्त्री ज्योतिरादित्य सिन्धियाले यस सहयोगको स्वागत गर्नुभयो। उहाँले यस प्रकारको साझेदारीबाट क्षेत्रको अर्थपूर्ण र टिकाऊ लाभको सृजना जारी रहने विश्वास व्यक्त गर्नुभयो।

-----------------------------------------X-----------------------------------------

अन्तमा प्रमुख समाचार पुनः एकपल्ट

- केन्द्र सरकारद्वारा चारवटा नयाँ श्रम संहिता लागू; प्रधानमन्त्रीले गर्नुभयो प्रशंसा
- प्रधानमन्त्री नरेन्द्र मोदी G20 शिखर सम्मेलनमा भाग लिन जोहान्सबर्ग पुग्नुभयो
- गृह मन्त्रीले गर्नुभयो एक वर्ष BSF-को आधुनिकीकरण र बलका कर्मीको कल्याणका लागि समर्पित हुने घोषणा
- राष्ट्रपति पुग्नुभयो दुई दिने यात्रामा हैदराबाद अनि
- निर्वाचन आयोगअनुसार SIR-को दोस्रो चरण शुरूवातपछि मतदाताबीच पचास करोड़ तीर्चालीस लाखभन्दा अधिक गणना प्रपत्र वितरण